नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
**राष्ट्रिय किताबखाना (शिक्षक)**
म्यूजियम मार्ग, छाउनी, काठमाडौं ।

पत्र संख्याः
चलानी नं.: ५४६३

मितिः मिति: २०७७।०३।२२

विषयः- शिक्षकले सम्पत्ति विवरण बुझाउने सम्वन्धमा ।

श्री शिक्षा विकास तथा समन्वय इकाइ

७७ ओटै जिल्ला ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) तथा अख्तियार दुरुपयोग अनुसन्धान ऐन, २०४८ को दफा ३१क. बमोजिम प्रत्येक शिक्षकले आर्थिक वर्ष समाप्त भएको ६० दिन भित्र आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सा सहितको अद्यावधिक सम्पत्ति विवरण पेश गर्नुपर्ने कानुनी प्रावधान भएकोले त्यस जिल्ला अन्तर्गत रहेका **स्थायी शिक्षकहरुको** आ.व २०७६/७७ को सम्पत्ति विवरण नेपाल राजपत्र भाग ५ खण्ड ६० संख्या १ मिति २०६७ वैशाख ६ को नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचनामा तोकिएको ढाँचा बमोजिमको सम्पत्ति विवरण फाराम भरी खाम बाहिर देहायको विवरण उल्लेख गरी राष्ट्रिय किताबखाना (शिक्षक) मा पठाउने व्यवस्था गर्नु /गराउन हुन निर्देशानुसार अनुरोध छ ।

**आ.व. २०७६/०७७ को सम्पत्ति विवरण**

| | |
|---|---|
| संकेत (सिटरोल)नं. : | कार्यरत विद्यालय र ठेगाना : |
| शिक्षकको नामथर : | जिल्ला : |
| तहः | मोवाइल नं. : |
| श्रेणी : | इमेल ठेगाना : |

१. कोभिड-१९को महामारीको कारणले गर्दा नेपाल सरकारले जारी गरेको विभिन्न मितिका निर्देशन र कार्यविधि बमोजिमको मापदण्ड अनुसार आवत जावतमा कठिनाई र भिडभाडको कुनै पनि कार्य गर्दा संक्रमणको जोखिम बढ्ने भएकोले यस वर्ष सम्पत्ति विवरण दर्ता गर्न व्यक्ति स्वयं (व्यक्तिगत रुपमा) सम्पत्ति विवरण बुझाउन राष्ट्रिय किताबखाना (शिक्षक) जानु नपर्ने गरी विद्यालय/शिक्षा विकास तथा समन्वय इकाइले समन्वय गरी एकमुष्ट २०७७ साल श्रावण १ गते देखि भाद्र २८ गते भित्र अनिवार्य रुपमा राष्ट्रिय किताबखाना (शिक्षक) मा प्राप्त हुनेगरी छिटो हुने माध्यमबाट पठाउनु पर्नेछ । सम्पत्ति विवरण बुझाउने अन्तिम दिन सार्वजनिक विदा परे सम्पत्ति विवरण दर्ता गर्ने प्रयोजन लागि यस किताबखाना खुल्ला रहनेछ ।
२. अध्ययन विदा, असाधारण विदा र अन्य बिदा, लामो काज वा निलम्बनमा रहेका शिक्षकको सार्वजनिक पद धारणा गरेकै अवस्था हुने भएकोले म्याद भित्र सम्पत्ति विवरण बुझाउने दायित्व सम्बन्धित शिक्षकको नै हुनेछ ।

☎४६७२८२३, ४२८३०२३, ४६७०७५७ फ्याक्सः ४२८४९०० इमेल: stroedu@gmail.com

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
राष्ट्रिय किताबखाना (शिक्षक)
म्यूजियम मार्ग, छाउनी, काठमाडौं ।

visit Nepal 2020 Lifetime Experiences

पत्र संख्याः
चलानी नं.: २५६६

मितिः..........................

३. आ.व.०७६।०७७ भित्र (अर्थात २०७६ श्रावण १ देखि २०७७ आषाढ मसान्त सम्म) सेवा निवृत्त भएको शिक्षकले समेत उपर्युक्त अनुसार सम्पत्ति विवरण बुझाउनु पर्नेछ ।

४. संकेत नं. नमिलेको, तोकिएको मिति भन्दा पछि प्राप्त भएको सम्पत्ति विवरणलाई प्राप्त नभए सरह मानी अभिलेख राखिने छैन ।

५. सम्पत्ति विवरण फाराम यस कार्यालयको website www.stro.gov.np मा उपलब्ध छ । सम्पत्ति विवरण दर्ताको जानकारी सम्वन्धित शिक्षकले उल्लेख गरेको मोबाइल नं.मा SMS बाट प्राप्त हुनेछ ।

२०७६।८।22

(गजेन्द्र कुमार राउत)
निर्देशक

**वोधार्थ :**

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार, काठमाडौं ।

श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

श्री राष्ट्रिय किताबखाना (निजामती) , हरिहरभवन, ललितपुर ।